# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, जेठ २४ गते २०५८ साल (अतिरिक्ताङ्क १५ (ग)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट २०५८ साल जेठ २२ गते देशवासीका नाममा बक्सेको शाही घोषणाबाट २०५८ साल जेठ १९ गते राति नारायणहिटी राजदरबारमा घटेको दुःखद घटनाको यथार्थ विवरण जनसमक्ष ल्याउन सर्वोच्च अदालतका प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा गठित उच्चस्तरीय समितिलाई देहाय बमोजिमका कार्यक्षेत्र र अधिकारहरू तोकिबक्सेको छ :–

१. श्री ५ महाराजाधिराज समक्ष राजदरबारमा मिति २०५८।२।१९ गतेको घटनाको यथार्थ विवरणसहितको प्रतिवेदन जाहेर गर्ने ।

२. समितिलाई देहायबमोजिमको अधिकार हुनेः–

(क) घटनास्थलको अवलोकन गर्ने र घटनास्थलको तस्बीर सहितको विवरण संकलन गर्ने ।

(ख) घटनास्थलमा जमघटका लागि उपस्थित पारिवारिक सदस्यहरू तथा अन्य व्यक्तिहरू, राजदरबारको सुरक्षा एवम् सेवामा खटिएका व्यक्तिहरू, उपचारमा संलग्न रहेका चिकित्सक एवम् परिचारिकाहरू तथा समितिले आवश्यक देखेका अन्य व्यक्तिहरूबाट जानकारी लिन सक्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सो घटनासंग सम्बन्धित हतियार, गोलीलगायतका अन्य चिज वस्तुको संकलन र जाँच गर्न सक्ने एवम् घटनाका सम्बन्धमा अस्पतालबाट भएको जाँच परीक्षणको विवरण प्राप्त गर्न सक्ने ।

(घ) घटनाको सम्बन्धमा विशेषज्ञहरूको आवश्यक सहयोग लिन सक्ने ।

(ङ) समितिले आफ्नो कार्य सम्पादन गर्न आवश्यक व्यक्तिहरूको सहयोग लिन सक्ने ।

३. समितिको कार्याविधि कार्य प्रारम्भ गरेको मितिले ३ दिन हुने ।

४. समितिको कार्यालय अध्यक्षले तोकेको स्थानमा रहनेछ ।

५. समितिले आफ्नो अन्य कार्यविधि आफै तोक्न सक्ने ।

साथै मौसूफका हजूरमा उक्त समितिका सदस्य प्रतिनिधिसभामा विपक्षीदलका नेता माधवकुमार नेपालले "उक्त समितिमा रहेर काम गर्ने सम्बन्धमा २०५८ साल जेठ २३ गते बसेको नेकपा (एमाले) स्थायी कमिटीको बैठकले मेरो हकमा उक्त समितिमा रहन नसकिने निर्णय गरेकाले सोही बमोजिम सो समितिबाट राजीनामा जाहेर गरेको छु । उक्त घटनाको विधिवत् रुपमा हुने छानबिन प्रक्रियामा म र हाम्रो पार्टीको पूर्ण सहयोग रहने व्यहोरा बिन्ति गर्न चाहन्छु" भनी समितिका अध्यक्षमार्फत चढाउनुभएको राजीनामा स्वीकृत गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।